माादी नगरपालिका

फोन नं : ०२९-४२४००२

# नगर कार्यपालिकाको कार्यालय

मादी, संखुवासभा

१ नं प्रदेश, नेपाल

## प्रेस विज्ञप्ति

माउन्टेन खवर नामक अनलाईन पत्रिकाको मिति २०७८ वैशाख २ गते विहिवार प्रकाशित ***संखुवासभाको मादी नगरपालिका : सरकारी पैसामा एमालेको भोज*** शिर्षकको समाचार प्रति यस मादी नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । यो समाचारमा उल्लेख भए अनुसार म नगर प्रमुखको नाम जोडेर नगरको रू.१० लाख वनभोजमा खर्च गरेको र मेरो भाइलाई ठेक्का दिएको जस्ता अनर्गल एवं कपोलकल्पित समाचार सम्प्रेषण गरी म नगर प्रमुख विदुर कुमार लिंथेप एवं मादी नगरपालिकाको समेत कुप्रचार गरी चरित्र हत्या गर्ने प्रयास प्रति मेरो व्यक्तिगत एवं नगरपालिकाको तर्फबाट समेत घोर आपत्ति र भर्त्सना गर्दछु ।

नगरपालिकाको रकम जनताको प्रत्यक्ष सरोकारका विषयहरूमा खर्च गर्नु पर्दछ भन्ने कुरा मलाई राम्ररी थाहा भएको विषय हो । त्यस्ता वनभोजहरूमा खर्च गर्ने प्रश्न कसरी उठ्छ ? जहाँ सम्म ठेक्काको विषय छ, सो सम्वन्धमा पनि मेरो भाइले नगरको कुनै पनि ठेक्का लिएको छैन र सार्वजनिक खरीद सम्वन्धि कानूनले चाहेर जो कसैलाई दिन पनि मिल्दैन र सक्दैन भन्ने विषयमा पत्रकारिता जगतका साथिहरूले जानकारी नराखि समाचार सम्प्रेषण गरेको प्रति पनि मेरो घोर आपत्ति छ ।

जहाँ सम्म मादी नगरपालिकामा आउने वजेटको विषय छ सो मादी नगरवासी माहानुभावहरूको उच्चतम भलाई र हितलाई ध्यान दिई खर्च भैरहेको व्यहोरा सम्पूर्णमा अवगत गराउँदै आगामी दिनमा पनि सोहि वमोजिम हुने यसै विज्ञप्ति मार्फत प्रतिवद्धता जाहेर गर्दछु । मादी नगरवासीहरूलाई त्यस्ता कुप्रचारको पछि नलाग्न र जसले सो समाचार सम्प्रेषण गरी मेरो चरित्र हत्या गर्ने दुस्प्रयास गरेको हो निजलाई कानून वमोजिम कडा सजाय गर्नको लागि नगरपालिकाको तर्फबाट साईवर क्राईम व्युरोमा उजुरी दिने व्यहोरा समेत यसै विज्ञप्ति मार्फत सवैमा जानकारी गराउँदै यस प्रकारका भ्रमपूर्ण र दुराशययुक्त समाचारको पछि नलाग्न सम्पूर्णमा अनुरोध गर्दछु ।

विदुर कुमार लिंथेप
नगर प्रमुख

मिति : २०७८।०१।०३

विदुर कुमार लिंथेप
नगर प्रमुख

Email : madimunicipality@gmail.com website : http://madimunsankhuwasabha.gov.np

मा‍उन्टेनखबर

शुक्रबार, बैशाख ३, २०७८
०२ : २२ : ०१

# संखुवासभाको मादी नगरपालिका : सरकारी पैसामा एमालेको भोज (तस्बिरसहित)

मा‍उन्टेन खबर बिहिबार, बैशाख २, २०७८ 395 SHARES



संखुवासभा, २ वैशाख । संखुवासभाको मादी नगरपालिकामा सरकारी पैसाको दूरुपयोग गरेर भोजभतेर गरेको पाइएको छ ।

स्थानीय तह निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी एमालले जितेको उक्त नगरपालिकाको सरकारी पैसाको दूरुपयोग गरेर भोजभतेर गरेको पाइएको हो ।



नयाँ वर्षको अवसर पारेर वैशाख १ गते मादी नगरपालिकाको १ मा रहेको राकेडाँडामा ५०० स्थानीयलाई सरकारी पैसा दूरुपयोग गरेर भोजभतेर गराएका हुन् ।

मादी नगरपालिका– १ का वडा अध्यक्ष खेमनाथ कटुवालले कार्यकर्ता ओसार्न बस, ट्याक्टर, सुमो गाडी रिजर्भ गरेका थिए ।



उक्त भोजभतेरमा रु ७० हजारको राँगो, २० हजारको सुँगुर, ५० हजारको दुईवटा खसी र वियर, लोकल रक्सी, ब्राण्डेड रक्सी र कोकोकोला प्रयोग भएको थियो । स्रोतका अनुसार उनीहरुले मादी नगरपालिकाको रु १० लाख बराबर रकम खर्च गरेका हुन् ।



नगरपालिकाका मेयर विदूर सुब्बा लिङ्थेपले आफ्ना भाई लक्ष्मण सुब्बा लिङ्थेपलाई ठेक्का दिएर ठेक्काबाट भ्रष्टचार गरेको रकमले भोजभतेर गर्दै आएका छन् । मादी नगरपालिकाको राममन्दिरमा राखेको क्रसरबाट भ्रष्टचार गरेको रकमबाट उक्त भोजभतेर गरेका हुन् ।



उक्त भोजभतेरमा चौकीबजार प्रहरी विटका असईसमेत पुगेका छन् । दोस्रो चरणको कोरोना संक्रमण बढ्दै जाँदा स्वास्थ्य मापदण्ड पालना गराउने प्रहरीका असई नै उक्त भोजभतेरमा गएका हुन् ।



## प्रतिक्रिया

**फोन नम्वर :** ९८५१२२२७४०६

**ईमेल:** mountainkhabar2020@gmail.com

**Quick Links**



**हाम्रो टिम**

**सल्लाहकार:** राम लामा अविनाशी

**सञ्चालक :** अनिता चापागाँई (आचार्य)

**सम्पादक:** अच्युत रेग्मी

**सम्वाददाता :** अनिसा निरौला

**सम्वाददाता** : सब्बु आचार्य

**सम्वाददाता** : आशिष लामा

**बजार व्यवस्थापक :** क्रिसमान तामाङ ९८६०५००८७१



© 2021 All right reserved to mountainkhabar.com | **Site By : SobizTrend Technology**





बाँकेमा थप २७ जनामा कोरोना संक्रमण



वाग्मती प्रदेश एमाले संसदीय दलको बोर्ड गठन गर्ने निर्णय



ओली राष्ट्रिय हित विपरितका गतिविधिमा लागेको प्रचण्डको आरोप




रुरु जलविद्युत्को आइपिओ बाँडफाट



चितवनमा दुर्घटनामा परी एक वर्षमा ११६ जनाको मृत्यु, ६१२ घाइते



मध्यपहाडी लोकमार्ग असारभित्रै सम्पन्न हुने

## धेरै पढिएको

१ संखुवासभाको मादी नगरपालिका : सरकारी पैसामा एमालेको भोज (तस्बिरसहित)

२ नयाँ बर्ष २०७८ को शुभकामना ! -कविता

३ टिपर तथा ट्रक व्यवसायी समितिको अध्यक्षमा दिलबहादुर श्रेष्ठ

४ नयाँ वर्षको अवसरमा रसुवामा जिल्ला स्तरिय खुल्ला भलिवल प्रतियोगिता सुरु

५ गिरिजाप्रसाद कोइराला फाउण्डेशन अमेरिकामा नयाँ कार्यसमिति

६ पूर्ण डिजिटाइज अभियानमा आयल निगम

७ प्रतिनिधि सभा बैठक LIVE

८ आजको राशिफल

**माउण्टेन खबर प्रा.लि.**

**ठेगाना:** लैनचौर, काठमाडौं २६ वडा

**दर्ता प्रमाणपत्र नम्बर :** २११३/७७-७८